नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

पत्र संख्याः
चलानी नं.:

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ती

विगत केही दिनदेखि तराई क्षेत्रका धेरै स्थानमा हुस्सु/कुहिरो लागेको छ। यसैबीच, जल तथा मौसम विज्ञान विभागले आज रातिदेखि पुस १० गतेसम्मका लागि तराईमा हुस्सु/कुहिरो/शीतलहरको चेतावनी तथा परामर्श जारी गरेको छ। यसबाट दैनिक जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायात लगायतका क्षेत्रमा प्रभाव पर्ने देखिएको छ। देशका तराई तथा भित्री मधेशका धेरै जिल्लामा चिसो बढिरहेको र चिसोका कारण जनजीवन प्रभावित भइरहेका समाचार पनि आइरहेका छन्। शीतलहरबाट गरिब तथा विपन्न वर्गका नागरिकहरू बढी प्रभावित हुने गरेको विगतका तथ्याङ्कहरूबाट देखिन्छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नेतृत्वमा सरोकारवाला सबै निकायसँगको समन्वय, सहकार्य र सहभागितामा 'शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२' तर्जुमा भई कार्यान्वयनका लागि सबै निकायमा संप्रेषण भइसकेको छ। सम्बन्धित सबै निकायले कार्ययोजनामा उल्लेख भएअनुसार आ-आफ्नो जिम्मेवारी निर्वाह गर्नु आवश्यक छ। सबै निकायले कार्ययोजनाअनुसार पूर्वतयारी गर्नुपर्ने र कार्यक्षेत्रमा पर्ने प्रभावित जिल्लाका जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहसँगको समन्वयमा पूर्वानुमानअनुसार आवश्यक पूर्वकार्य एवं प्रतिकार्य गर्नुपर्ने देखिन्छ।

हाल राज्यको संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको र विपद् व्यवस्थापनसम्बन्धी कार्य तीनवटै तहका सरकारको समन्वय, सहकारिता तथा सहभागितामा गर्नुपर्ने संविधानको मर्म र भावना अनुसार 'शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२' मा स्थानीय तहको भूमिका अहम् हुने गरी क्रियाकलापहरु तय गरिएको छ। स्थानीय तहले वडा कार्यालय र समुदायमा आधारित संस्था तथा समूहहरु समेतलाई सक्रिय बनाई शीतलहर पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्य गर्नुहुन एवं जिल्ला विपद् व्यवस्थापन समितिले शीतलहर पूर्वतयारी तथा प्रतिकार्यमा स्थानीय तहलाई भरपूर साथ तथा सहयोग पुग्ने गरी काम गर्नुहुन प्राधिकरण हार्दिक अनुरोध गर्दछ। स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको पहलमा मात्र शीतलहर पूर्वतयारी तथा प्रतिकार्य संभव नभएको अवस्थामा प्रदेश सरकार र संघ सरकारको सहयोगका लागि अनुरोध गर्नुहुन समेत सूचित गरिन्छ।

कार्ययोजनाअनुसार जिम्मेवार सबै निकाय (संघीय मन्त्रालय, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सुरक्षा निकायहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, निजी क्षेत्र, संचार जगत, वडा कार्यालय, समुदायमा आधारित संघसंस्था लगायत) ले शीतलहर पूर्वतयारी तथा प्रतिकार्यका लागि कुशल भूमिका निर्वाह गर्नुहुन र यसका लागि तत्काल देहायका कार्यहरू गर्नु तथा गराउनु हुन सम्बन्धित सबैमा प्राधिकरण हार्दिक अपिल गर्दछ।

- न्यानो लत्ताकपडा र न्यानो गराउने उपकरण तथा सामग्रीहरू तयारी अवस्थामा राखी आवश्यक परेको खण्डमा सम्बन्धित स्थानीय तहसँग समन्वय गरी संकटासन्न समुदायका घरपरिवारलाई वितरण गर्ने एवं शीतलहर पूर्वतयारी तथा प्रतिकार्यका लागि सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्य केन्द्रित क्रियाकलापमा खर्च गर्ने व्यवस्था मिलाउने।
- जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान र सोको आधारमा प्राधिकरणबाट जारी हुने सूचना एवं जानकारीअनुसार आवश्यक कदम चाल्न तयारी अवस्थामा रहने।
- कार्यक्षेत्रअनुसार शीतलहरबाट बच्ने उपायहरूका बारेमा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा सचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने।
- जोखिमपूर्ण संकटासन्न समुदायका व्यक्तिहरूलाई आवश्यक परेको खण्डमा न्यानो हुने गरी सार्वजनिक भवन, मठ मन्दिर, घर इत्यादिमा राख्ने प्रबन्ध गर्ने।
- शीतलहरका बेला न्यानो गराउने अन्य उपयुक्त विकल्प नभएको खण्डमा सम्बन्धित डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह र स्थानीय तहसँग समन्वय गरी दाउरा उपलब्ध हुने व्यवस्था मिलाउन सहयोग गर्ने।
- प्राधिकरणलगायतका निकायबाट शीतलहर सम्बन्धमा उत्पादित सचेतनामूलक श्रव्यदृश्य सामग्रीहरू संचारका संभाव्य सबै माध्यम प्रयोग गरी समुदाय तहसम्म पुग्नेगरी प्रकाशन तथा प्रसारण गर्न सहयोग गर्ने।

*मिति- २०८२ पुस ८ गते*

(शान्ति महत)
प्रवक्ता/उपसचिव

फोनः ०१-४२११११९७, ४२१११९५, ४२११४८३, टोल फ्रिः ११४९, इमेलः ndrrma@gmail.com info@bipad.gov.np, URL:www.bipad.gov.np